सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल

र

..........................................(प्रकाशक)

बीच भएको

<u>साङ्गीतिक रचनाको प्रकाशन वापत रोयल्टी सङ्कलन गर्ने सम्बन्धी</u>

करारनामा

मिति :
करार नं.:

## साङ्गीतिक रचनाको प्रकाशन वापत रोयल्टी संकलन गर्ने सम्बन्धी करारनामा

लिखितम् हामी निम्न लिखित पक्षहरु निम्न लिखित विषय वस्तुको लागि निम्न लिखित शर्तहरु अनुसार गर्न गराउन मञ्जुर भएको हुँदा मुलुकी देवानी संहिता, २०७४ तथा प्रतिलिपि अधिकार ऐन, २०५९, प्रतिलिपि अधिकार नियमावली, २०६१ सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको विधान, २०६४ बमोजिम व्यवस्थापन खर्च वापत सङ्कलित रोयल्टी २५% भन्दा बढी हुने छैन भनि यो करारनामा तयार गरी निम्न लिखित साक्षीहरुको रोहवरमा सहीछाप गरी एक/एक प्रति लियौं/दियौं ।

### पक्षहरु

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम गठन भएको सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल, काठमाडौको तर्फबाट अधिकार प्राप्त ...................................
श्री ........................................... (जसलाई यस करारनामामा पहिलो पक्ष भनिएको)

### र

...................... जिल्ला ....................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ......................................... स्थित .......................................को तर्फबाट अधिकार प्राप्त ...................... श्री ...................................................................
(जसलाई यस करारनामामा दोश्रो पक्ष भनिएको)

### करारको विषय वस्तु

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ (ड) परिभाषा बमोजिमको साङ्गीतिक रचनाको संस्थाको कार्यक्षेत्र भित्र सार्वजनिक प्रदर्शन प्रसारण समेत वापत सङ्कलन गर्नु पर्ने रोयल्टी जसलाई यस पछि रोयल्टी भनिएको ..................................

### शर्तहरु

१. संलग्न सुचिमा उल्लेख अनुसारको साङ्गीतिक रचना संस्थाको सदस्य भएपछि निर्मित रचनाको प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम सार्वजनिक प्रदर्शन/प्रसारण गरे वापत रोयल्टी सङ्कलन गर्ने प्रयोजनको लागि दोश्रो पक्षले पहिलो पक्षलाई आफ्नो साङ्गीतिक रचनाको हस्तान्तरणको गरेको कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् ।

२. दोश्रो पक्षले हस्तान्तरण गरेको साङ्गीतिक रचनाको सार्वजनिक प्रदर्शन/प्रसारण वापतको प्रचलित कानुन बमोजिमको रोयल्टी संकलन गरी प्रचलित कानुन बमोजिम कर कट्टा गर्नु पर्ने भएमा कर कट्टा गरी संस्थाको विनियम बमोजिम दोश्रो पक्षलाई रोयल्टी वितरण गर्ने कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् ।

३. दोश्रो पक्षले उपलब्ध गराएको साङ्गीतिक रचनाको सूचीमा उल्लेखित कुनै विवरणमा कुनै पनि किसिमको विवाद आएमा प्रचलित कानुन बमोजिम सो विवादको निराकरण गर्ने जिम्मा दोश्रो पक्षकै हुने र सो विवादको कारण पहिलो पक्षलाई हानी नोक्सानी भएमा सो को जिम्मा दोश्रो पक्षको हुने कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् ।

४. माथी शर्त नं. ३ बमोजिम कुनै विवाद आएमा सो विवाद संस्थाको रेकर्डमा जनाई सो विवाद अन्तिम रुपमा निरुपण नभएसम्म निजको रोयल्टी रोक्का राखिने कुरामा दुवै पक्ष सहमत गर्दछन् ।

५. यस करारमा दुवै पक्षको सहमतिले कुनै पनि व्यहोरा फेरबदल गर्न वा नयाँ करार गर्न सकिने कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् ।

६. यस करारमा असर पर्ने गरी रोयल्टी सङ्कलन तथा वितरण सम्बन्धी प्रचलित कुनै कानूनमा संशोधन भएमा सो संशोधन पनि यसै करारमा भएसरह मानिने कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् । सदस्यताको लागि आवेदन गरी सदस्यता प्राप्त नभए सम्मको अवधिको लागि यसै करार बमोजिम पहिलो पक्षले रोयल्टी सङ्कलन तथा वितरण गर्ने गराउने कुरामा दुवै पक्ष मञ्जुर गर्दछन् ।

७. यो करारनामामा कुनै विवाद तथा समस्या आएमा यसमा लेखिएका कुराहरुमा सोही बमोजिम र नलेखीएको कुराहरुमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**सहिछाप**

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| नाम थर : | नाम थर : |
| सहिछाप : | सहिछाप : |

**साक्षी**

| | |
|---|---|
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| सहिछाप : | सहिछाप : |

इतिसम्बत् २० ... साल ........ महिना ... गते रोज ... शुभम् । ...............................